# स्थानीय राजपत्र

## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ४) काठमाडौँ, कार्तिक ७ गते, २०७७ साल संख्याः८


## भाग २

### गोकर्णेश्वर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय,
### वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको सहकारी नियमावली २०७७



मूल्य रु : १०/-

# गोकर्णेश्वर नगरपालिकाको सहकारी नियमावली २०७७

**प्रस्तावना : गोकर्णेश्वर नगरपालिकाकोसहकारी ऐन, २०७५ को दफा १०२ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिका नगरकार्यपालिकाले यो नियमावली बनाएको छ ।**

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस नियमावलीको नाम गोकर्णेश्वर नगरपालिकाको सहकारी नियमावली, २०७७ रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "**ऐन**" भन्नाले गोकर्णेश्वर नगरपालिकाको सहकारी ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "**कर्जा**" भन्नाले चलअचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई

वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा र हर्जाना रकम सम्झनु पर्दछ ।

(ग) "**दर्ता गर्ने अधिकारी**" भन्नाले ऐनको दफा ६९ बमोजिम सहकारी संघ/संस्था दर्ता गर्ने अधिकारी सम्झनु पर्दछ ।

(घ) "**परिवार**" भन्नाले सहकारी संस्थाका सदस्यका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषणगर्नु पर्ने दाजु, भाउजु, भाई, भाई बुहारी, दिदी, वहिनी सम्झनुपर्छ ।

(ङ) "**बचत**" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) "**मन्त्रालय**" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय र प्रदेश मन्त्रालय सम्झनु पर्दछ ।

(छ) "**मुख्य कारोवार**" भन्नाले संस्थाले संचालन गरेको व्यावसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोवारमा कम्तिमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(ज) "**साधारण सभा**" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनु पर्दछ ।

(झ) "**संस्थाको कार्यविधि**" भन्नाले सहकारी संस्थाको कार्यविधि सम्झनु पर्दछ ।

(ञ) "**प्राथमिक पूँजी कोष**" भन्नाले सहकारी संस्थाको शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(ट) "**शेयर**" भन्नाले सहकारी संस्थाको विभाजित पूँजीको अंश सम्झनुपर्छ ।

(ठ) "**सञ्चालक**" भन्नाले समितिको पदाधिकारी सहितको सदस्य सम्झनुपर्छ ।

(ड) "**सदस्य**" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ढ) "**समिति**" भन्नाले नियम बमोजिमको सञ्चालक समिति, लेखा समिति र अन्य उपसमिति सम्झनु पर्छ ।

(ण) "**सहकारी मूल्य**" भन्नाले स्वाबलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, ईमान्दारीपन, खुलापन, सामाजिक उत्तरदायित्व, संस्थागत सुशासन तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(त) "**संस्थाको व्यवसाय**" भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(थ) “**सहकारी सिद्धान्त**” भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ।

(द) “**संस्था**” भन्नाले परिच्छेद-२ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ।

(ध) “**कार्यालय**” भन्नाले गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालयलाई जनाउँदछ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन र दर्ता

### ३. संस्थाको गठनः-

(१) विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न कम्तीमा तीस जना नेपाली नागरिक सदस्य हुनुपर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित व्यवसाय गर्ने संस्थाको हकमा

कम्तिमा पन्ध्र जना नेपाली नागरिकले संस्था गठन गर्न सक्नेछन् ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थावाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तिमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा संस्था दर्ता गर्न सक्नेछन ।

(४) यस नियम बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उप नियम (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ । तर संस्था दर्ता भईसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तिमा एकसय जना नेपाली नागरिकको सहभागिता हुनुपर्नेछ ।

(६) यो नियम बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कार्यहरुमात्र गर्न सक्नेछन् :-

क) सदस्यहरुबाट विनियममा तोकिएको सिमासम्मको मासिक वचत संकलन गर्ने ।

ख) खण्ड (क) बमोजिम संकलित बचत सदस्यहरुलाई ऋणको रुपमा परिचालन गर्ने रकम ।

ग) सदस्यहरुको बौद्धिक विकास कला एवं साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

**४. संस्था दर्ताको दरखास्तको ढाँचा र पेश गर्नु पर्ने विवरण :-**

(१) ऐनको दफा (६) को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि देहायका विवरणहरु पेश गर्नु पर्नेछ :-

क) अनुसूची-१ बमोजिमको ढाँचामा संस्थाको भावी योजना र कार्यक्रम ।

ख) अनुसूची-२ बमोजिमको ढाँचामा सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयरको विवरण ।

ग) प्रारम्भिक भेलाका निर्णयहरु ।

घ) सदस्यबाट शेयर पूँजी तथा प्रवेश शुल्क बापत संङ्कलित रकमको विवरण/भर्पाई ।

ङ) अनुसूची-३ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण ।

च) अनुसूची-४ को ढाँचामा स्व-घोषणपत्र ।

छ) अनुसूची-५ को ढाँचामा अधिकार प्रत्यायोजन ।

ज) आवेदकहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

झ) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचयपत्रको प्रतिलिपी ।

ञ) आवेदकहरु संस्थाको कार्यक्षेत्र भित्र स्थायी बसोबास गरेको पुष्ट्याई हुने प्रमाण ।

ट) शेयर पूँजी तथा प्रवेश शुल्क बापत सदस्यहरुबाट सङ्कलित रकम बैंक वा राष्ट्रिय सहकारी बैकमा खाता खोली रकम जम्मा गरेको बैंक भौचर ।

ठ) संस्थाको कार्यालय रहने वडाकार्यालयको सिफारिस ।

## ५. संस्था दर्ता गर्दा लिईने आधारहरु :-

क) निवेदकहरुको हीत मिल्दोजुल्दो हुनुपर्ने ।

ख) सदस्यको योग्यतामा संस्थाको उद्देश्य अनुसारको सेवा उपयोग गर्ने अवस्था हुनुपर्ने ।

ग) सदस्यता प्राप्तिमा कृत्रिम छेकवार हुने शर्त राखिनु नहुने ।

घ) संस्था सञ्चालनका महत्वपूर्ण विषयहरुमा साधारण सभाको निर्णय अनिवार्य हुने प्रावधान विनियममा हुनुपर्ने ।

ङ) निर्णय प्रकृयामा सबै सदस्यहरुको सहभागिताको सुनिश्चितता भएको हुनुपर्ने ।

## ६. सहकारी संस्थाको कार्य क्षेत्र विस्तार :-

(१) ऐनको दफा -९) को उपदफा (क) बमोजिम वचत तथा ऋृणको मुख्य कारोवार गर्ने संस्थाको कार्यक्षेत्र यसै गोकर्णेश्वर नगरपालिकाको क्षेत्र भित्र मात्र विस्तार गर्न सकिने छ । तर वचत तथा ऋृणको मुख्य कारोवार नगर्ने र प्रकृति अनुसार फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र पटक पटक गरी गोकर्णेश्वर नगरपालिकाको पुरै क्षेत्रमा विस्तार गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम कार्य क्षेत्र बिस्तार गर्दा देहायको शर्त तथा आधारहरु पूरा भएको हुनु पर्नेछ :-

क) विस्तार गरिने प्रत्येक वडामा कम्तिमा संस्था दर्ता हुँदा आवश्यक पर्ने संख्या

बराबरको सदस्यहरुको हस्ताक्षर सहितको सेवा माग निवेदन र निजहरुको नागरिकताको छाँयाकपी पेश भएको हुनुपर्नेछ ।

ख) बचत तथा ऋण संस्थाको हकमा शेयर पुँजी कम्तिमा पचास लाख भएको हुनुपर्नेछ ।

ग) संस्थाको हालको खुद वचत रकम नाफामूलक भएको हुनुपर्नेछ ।

घ) संस्थाको मौजुदा सदस्य कम्तिमा पाँच सय भएको हुनुपर्नेछ ।

ङ) विस्तार गरिने कार्य क्षेत्र साविकको कार्यक्षेत्र सँग जोडिएको हुनुपर्नेछ ।

च) नियमित साधारण सभा भएको हुनुपर्नेछ ।

छ) नियमित लेखापरीक्षण भएको हुनुपर्नेछ ।

ज) सहकारी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भएको हुनुपर्नेछ ।

झ) कानून बमोजिम नियमित रुपमा पेश गर्नुपर्ने कागजात एवं विवरणहरु पेश गरेको हुनुपर्नेछ ।

ञ) सञ्चालक समितिका पदाधिकारीहरुको नाम थर ठेगाना सम्पर्क नम्बर र फोटो सहितको तीन पुस्ते विवरण पेश गरेको हुनुपर्नेछ ।

ट) बिनियम संशोधनको प्रकृया पुरा भएको हुनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम एक पटक कार्यक्षेत्र विस्तार भएपछि दुई बर्ष व्यतित नभई पूनः कार्यक्षेत्र विस्तार गरिने छैन ।

## ७. विषयगत आधारमा वर्गीकरण :

(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ :

क) उत्पादक संस्था : कृषि, दुग्ध, चिया, कफी, जडीवुटी, फलफुल, माछापालन, पशुपन्छीपालन, नगदेवाली लगायतकाविषयगत एवं उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था ।

ख) उपभोक्ता संस्था : उपभोक्ता भण्डार, वचत तथा ऋृण, उर्जा, शिक्षा स्वास्थ्य, पर्यटन, सूचना प्रविधि विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा संचालित उपभोगजन्य संस्था ।

ग) श्रमिक संस्था : हस्तकला खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा

श्रमको विशेषता एवं स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था ।

घ) बहुउद्देश्यीय संस्था : उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टिकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा विषयहरु थप गर्न सकिनेछ ।

## ८. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :-

(१) दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्य प्प्तिका लागि यस नियमावली र स्वीकृत विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरालेखिएको भएता पनि संस्थाले उपनियम (१) बमोजिम कारोवार व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न छुट्टै संस्था दर्ता गर्नु पर्ने छैन ।

तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा ईजाजत पत्र लिएरमात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) दुई वा दुई भन्दा वढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस नियमावलीको अधिनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन ।

९. **सहकारी संस्थाको विनियम :** सहकारी संस्थाको विनियम वनाउँदा वा पुनर्लेखन गर्दा अनुसूची ६ मा उल्लेखित विषयहरु समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**१०. साधारण सभा :**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरु साधारण सभाका सदस्य हुनेछन ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारण सभा ।

(ख) वार्षिक साधारण सभा ।

(ग) विशेषसाधारण सभा ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समिति र लेखा समितिको निर्वाचन संस्थाका शेयर सदस्यहरुबाट प्रत्यक्ष निर्वाचित भएको हुनुपर्नेछ । निर्वाचन सम्बन्धी कार्यका लागि सम्बन्धित संस्था वा संघले आन्तरिक कार्यविधि बनाई लागू गर्नुपर्नेछ ।

## ११. संचालक समितिको काम कर्तव्य र अधिकार :

(क) संस्थाको समग्र कार्य सञ्चालनमा सदस्यहरुको रचनात्मक सिजर्नात्मक सहभागिता सुनिश्चित गर्ने ।

(ख) सदस्यलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरिक्षण अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै निर्देशनहरुको कार्यान्वयनको व्यवस्था मिलाउने ।

(घ) लेखा सुपरिवेक्षण समितिवाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने गराउने ।

(ङ) संस्थाको कार्य सञ्चालनमा पारदर्शिता कायम राख्ने ।

(च) आवश्यकता अनुसार उपसमितिहरु गठन विघटन तथा जिम्मेवारी तोक्ने ।

(छ) सदस्य तथा पदाधिकारीहरुका लागि आचारसंहिता बनाई लागू गर्ने ।

(ज) विनियममा उल्लिखित अन्य कार्यहरु गर्ने ।

## १२. तदर्थ समितिको गठन :

संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सदस्यहरु मध्येबाट तदर्थ संचालक समिति गठन गर्नु पर्नेछ । तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधारहरु लिनुपर्नेछ :

(क) साबिकमा कायम रहेको समितिको सदस्य वा निजको परिवारको सदस्य हुनु नहुने ।

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने ।

(ग) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने ।

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्ने ।

**१३. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता** : लेखा सुपरिवेक्षण समितिको संयोजक

तथा सदस्यहुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता अघिल्लो आ.व. मा लिएको हुनुपर्ने तर प्रारम्भिक साधारण सभाको हकमा यो खण्ड लागू हुनेछैन ।

(ख) संस्थालाई तिर्न बुझाउनु पर्ने वा भाका नाघेको कर्जा वा बक्यौता रकम नरहेको ।

(ग) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखा सम्बन्धी वा लेखापरिक्षणसँग सम्बन्धित तालिम लिएको ।

**१४.सदस्यको रकम फिर्ता :** सदस्यले सदस्यता त्याग गरेको अवस्थामा निजले पाउनु पर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको पन्ध्र दिन भित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ ।

(क) निजको शेयरको अंङ्कित मूल्य बराबरको रकम ।

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम ।

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता बापतको रकम ।

माथि जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रुपमा घटाईबाँकी रहेको हिसावमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरि फिर्ता लिनुपर्नेछ ।

**१५. लेखापरीक्षण :** साधारण सभाबाट नियुक्त लेखापरीक्षकलाईकार्यालयको सहमती लिएर मात्र संस्थाले लेखापरीक्षण गर्न लगाउनु पर्दछ ।

## परिच्छेद-४
## कोष सम्बन्धी व्यवस्था

**१६. कोष सम्वन्धी व्यवस्था :**

सहकारी संस्थाको कुनै वर्षको खुद आयको रकमबाट कम्तिमा पच्चिस प्रतिशत रकम ऐनको दफा (४७) बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तिमा पच्चिस प्रतिशत रकम ऐनको दफा (४८) बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा (४९) बमोजिम सहकारी प्रबर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी

देहाय बमोजिमका कोषहरुमा कम्तिमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नु पर्नेछ ।

(क) सहकारी शिक्षा कोष

(ख) शेयर लाभांस कोष

(ग) कर्मचारी बोनस कोष

(घ) सहकारी विकास कोष

(ङ) घाटापूर्ति कोष

(च) सामुदायिक विकास कोष

(छ) अन्य जोखिम व्यवस्थापन कोष

१७. **अभिलेख राख्नु पर्ने :** (१)ऐनको दफा (५१) को उपदफा (२) बमोजिम संस्थाले आफूले गरेको कारोबारको लेखा तथा देहायका अभिलेखहरु सुरक्षित साथ राख्नु पर्नेछ ।

(क) अनुसूची ७ बमोजिमको सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा, विशेष साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिहरुका बैठकहरुको छुट्टाछुट्टै बैठक पुस्तिकाहरु ।

(ग) नगदी बही

(घ) शेयर दर्ता किताब

(ङ) मालसामानको मौज्दात स्टक दर्ता किताब

(च) कर्जा लेनदेन दर्ता किताब

(छ) बेरुजु खाता

(ज) समय समयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु

**१८. विवरण उपलब्ध गराउनु पर्ने :** (१) सहकारी संस्थाले आफ्नो कारोबारको चौमासिक विवरण चौमासिक अवधि व्यतित भएको पन्ध्र दिन भित्र र बार्षिक साधारण सभा सम्बन्धी विवरण सभा समाप्त भएको मितिले १५ दिन भित्र सम्बन्धित आ-आफ्नो वडा कार्यालय मार्फत् दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) बचत तथा ऋणको कारोबार गर्ने संस्थाको हकमा मासिक रुपमा कारोबारको विवरण बुझाउनु पर्नेछ।

(३) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएका अन्य विवरण दर्ता गर्ने अधिकारीले निर्धारण गरिदिएको समय सीमा भित्र उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५

## ऋण असुली तथा बाँकी बक्यौता

**१९. ऋण तथा बाँकी बक्यौता असुली :** (१) ऐनको दफा (५८) बमोजिम सहकारी संस्थाको ऋण असुल

गर्ने र बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटाको म्याद बाहेक पैंतिस दिन भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरि पठाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्नुपर्नेछ ।

(ग) धितो राखेको चलअचल सम्पत्तिको लिलाम गर्दा धितोको विवरण निजले बुझाउनु पर्ने साँवा व्याज र हर्जानाको रकम समेत उल्लेख गरी चल अचल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैंतिस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी साँवा व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना

सम्बन्धितव्यक्तिलाई बुझाई संस्थामा रसम्बन्धित वडा कार्यालयमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ ।

(घ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरीकार्यालय बन्द हुने समय भन्दा एक घण्टा अगाडि भित्र गरि सक्नु पर्नेछ ।

(ङ) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको पदाधिकारी र व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्नेछ । सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत गर्नुपर्नेछ ।

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका सदस्यहरु, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउनेछैन ।

(च) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहिछाप गराउनु पर्नेछ ।

(२) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम हुने समय र ठाँउ तोकी उपस्थित हुने भनी सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न वाधा पुगेको मानिने छैन ।

## परिच्छेद-६
## एकीकरण

### २०. सहकारी संस्थाको एकीकरण :

(१) ऐनको दफा ६५बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्तबन्देजहरु पूरा भएको हुनुपर्दछ :

(क) एकै प्रकृति भएको हुनुपर्नेछ ।

(ख) कार्यक्षेत्र एउटै हुनुपर्नेछ ।

(ग) समान कारोवारको प्रतिस्पर्धा भएको हुनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा नगरपालिकाको वडा क्षेत्र वा नगरपालिकाको क्षेत्रभित्र पर्नेगरी गर्नु पर्दछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित संघीय मन्त्रालयको पूर्व सूचना बिना सम्बत २०४९ साल जेठ २ गते भन्दा अघि दर्ता भएका साझा सहकारी संस्थाहरुलाई अर्को संस्थामा एकीकरण गरिने छैन ।

(४) महिला सहकारीहरुलाई एक आपसमा एकीकरण हुन चाहेमा प्राथमिकता दिनु पर्नेछ ।

## २१. एकीकरण सम्बन्धी अन्य व्यवस्था :

(१) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) कुन कुन संस्थाबीच एकीकरण हुने हो तत् तत् संस्थाको साधारण सभाको दुई तिहाई बहुमतबाट एकीकरण गर्ने निर्णय भएको हुनुपर्नेछ ।

(ख) एकीकृत हुने संस्थाहरुमध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो उल्लेख गर्नुपर्नेछ ।

(ग) संस्थाको कार्यालय रहने स्थान उल्लेख गर्नुपर्नेछ ।

(घ) एकीकृत संस्थाको कार्यक्षेत्र कति रहने हो यकिन गनुपर्ने ।

(ङ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा वा संशोधन गर्ने हो उल्लेख गर्नुपर्नेछ ।

(च) शेयर पूँजीको रकम विनियममा व्यवस्था भएका कोषहरुमा रहेको रकम एकीकृत संस्थामा के कति समावेश गर्ने र सोको उपयोग कसरी गर्ने हो सोको तरिका यकिन गर्नुपर्नेछ ।

(छ) एकीकृत हुने संस्थाहरुको सम्पत्ति र दायित्वको व्यवस्थापन सम्बन्धी बिषय ।

(२) उपनियम (१) बमोजिमको उल्लिखित आधार र प्रक्रिया पुरा गरी एकीकृत हुने संस्थाहरुको संयुक्त साधारण सभाबाट देहायका बिषयहरु पारित गर्नुपर्नेछ :

(क) अनुसूची-८ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण ।

(ख) एकीकृत हुने संस्थाहरुको अघिल्लो दिनसम्मको वासलात ।

(ग) एकीकरण सम्बन्धीकार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य ।

(घ) पाँच सदस्यीय विवाद समाधान उपसमिति गठन गर्ने ।

(ङ) एकीकृत संस्थाहरुको सम्पत्ति प्रचलित कानून बमोजिम नामसारी गर्ने सम्बन्धी विषय ।

(३) यस नियम बमोजिम एकीकरण हुने संस्थाले उपनियम (१) र (२) को प्रक्रिया पूरा गरिसकेपछि स्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(४) उप नियम (३) बमोजिम पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :

(क) अनुसूची ९ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको संयुक्त निवेदन ।

(ख) अनुसूची ८ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण ।

(ग) एकीकरण हुने संस्थाहरुको साधारण सभा बाट भएका निर्णयहरुको प्रमाणित प्रतिलिपि ।

(घ) संयुक्त साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ङ) एकीकृत हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।

(च) अधिकार प्रत्यायोजनको पत्र ।

(छ) तदर्थ सञ्चालक समितिको नाम, थर, ठेगाना सहितको विवरण र नागरिकताको प्रतिलिपि ।

(ज) एकीकरण हुने संस्थाको छुट्टाछुट्टै र संयुक्त वासलात ।

(५) संस्था एकआपसमा एकीकरण गर्दा आवश्यकता अनुसार देहाय बमोजिमको सुविधा प्रदान गर्न सकिनेछ :

(क) एकीकृत हुने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र जोडिएको वा खप्टिएको भएमा सोही कार्यक्षेत्रका अतिरिक्त व्यावसायिक आवश्यकताका आधारमा थप कार्यक्षेत्र प्रदान गर्न सकिनेछ ।

(ख) एकीकरण गर्दा ठूलो कार्यक्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

# परिच्छेद-७

# लिक्वीडेशनसम्बन्धी व्यवस्था

## २२. दायित्व भुक्तानी :

(१) ऐनको दफा (६६) बमोजिम विघटन र दर्ता खारेज भएका सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछ :

(क) विघटनको कामको निमित्त भएका खर्चहरु फछ्र्यौट गर्न ।

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न ।

(ग) कर्मचारीको तलव भत्ता दिन ।

(घ) ऋृण भुक्तानी गर्न

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरु दिन ।

(च) शेयर पुँजी फिर्ता दिन ।

(छ) लाभाँश नबाँडिएको समय जतिको हकमा लाभाँश वितरण गर्न

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भईसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिना भित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनुपर्ने रकमको लागि दाबी

गरिसक्नुपर्नेछ र सो म्याद नाघेपछि परेको दाबी उपर कुनै कारबाही हुनेछैन ।

**२३. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग :**

(१) कुनै संस्थाको लिक्विडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकता क्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्था ।

(ख) विघटित सहकारी संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुऱ्याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा स्थानीय सामुदायिक शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित वा महिला बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्निेछ ।

## २४. लिक्वीडेटरको नियुक्ति :

(१) ऐनको दफा (६७) बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता खारेज गर्ने अधिकारीले लिक्वीडेटर नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

## २५. लिक्वीडेटरको काम कर्तव्य र अधिकार :

(१) दर्ता खारेज भएका सहकारी संस्थाको लिक्वीडेटरको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि यो सहकारी संस्थामा हाल वा साविकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम (१७) बमोजिम असुल उपर गर्ने ।

(ख) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ग) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको बिरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुवै पक्षबीचमा मिलापत्र गराउने ।

(घ) विघटनका लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने ।

(ङ) सहकारी संस्थाको खाताबही कागजात लिखत र जायजेथा जिम्मा लिने ।

(च) सहकारी संस्थाको सम्पत्ति र दायित्व यकिन गर्ने ।

(छ) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकार प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम कर्तव्य, सम्पत्ति वा अन्य कुराहरुको सम्वन्धमा आवश्यक जानकारी प्राप्त गर्न चाहेमा पक्ष विपक्ष साक्षीहरु र संस्थाको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

## परिच्छेद-८
## दर्ता गर्ने अधिकारी

**२६. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार :**

**(१)** दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने ।

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्य संञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने ।

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण गर्ने ।

(घ) सहकारी संस्थाहरुको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने ।

(ङ) सहकारी संस्थाहरुको लेखापरीक्षणको नियमित अनुगमन गर्ने ।

(च) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा सञ्चालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने

(छ) सहकारी संस्थाहरुमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने ।

(ज) ऐन र यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थालाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने ।

(झ) प्रचलित कानून बमोजिम सहकारीहरुले प्राप्तगर्ने छुट सुविधा सहुलियत उपलब्ध गराउन आवश्यक जाँचबुझ गरी सिफारिस गर्ने ।

(ञ) सहकारी संस्थाको सेवा केन्द्र, संङ्कलन केन्द्र तथा विक्री केन्द्र सञ्चालनको अनुमति दिने ।

**(२)** दर्ता गर्ने अधिकारीले ऐन र यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार आफु मातहतका अधिकृतहरुलाई प्रत्यायोजनगर्न सक्नेछ ।

**(३)** दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी वार्षिक प्रतिवेदनमा देहायका विवरणहरु खुलाई गोकर्णेश्वर नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(क) सञ्चालनमा रहेका संस्थाको विवरण ।

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण ।

(ग) संस्थामा सहकारी सिद्धान्त र यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम, विनियम, तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था ।

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था ।

(ङ) संस्थाको कृयाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात ।

(च) संस्थालाई गोकर्णेश्वर नगरपालिकाबाट प्रदान गरिएको वित्तिय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था ।

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तिय अवस्था सम्बन्धी विवरण ।

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था ।

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था ।

(ञ) संस्थामा रहेको कोषको विवरण ।

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था ।

(ठ) सहकारी नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु ।

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण ।

(ढ) यसमा लेखिए देखि बाहेक अन्य विषयहरु संघीय मन्त्रालय तथा प्रदेश मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-९

## विविध

**२७. आर्थिक सहयोग गर्न नहुने :** ऐनको दफा ९३ बमोजिम संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्यमा बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाउने छैन ।

स्पष्टिकरण : यस नियमको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वस्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिताको प्रबर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

**२८. अनुमति लिनु पर्ने :** यस कार्यालयमा दर्ता भएका सहकारी संस्था बाहेक संघ र प्रदेशमा दर्ता

भई नगरपालिका क्षेत्र भित्र कार्य गर्ने सहकारीहरुले नगरपालिकाको कार्यालयको अनिवार्य अनुमति लिएर मात्र व्यवसाय गर्नु पर्नेछ ।

**२९. अन्तर सहकारी कारोवार गर्न सक्ने :**

(१) ऐनको दफा ९४ बमोजिम अन्तर सहकारी कारोवार गर्दा संलग्न संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) स्थानीय उत्पादनको मूल्य श्रृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोवारलाईबढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

(३) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणली मार्फत् आफ्ना सदस्यले नेपाल भरको कुनै सहकारी संस्थावाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोवार गर्न सक्नेछ ।

**३०. ठेक्कापट्टा दिन नहुने :** ऐनको दफा ९५ बमोजिम संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई

आफ्नो सहकारी सम्बन्धी कुनै पनि विषयमा ठेक्कापट्टा दिन हुँदैन ।

३१. **कम्पनी सम्बन्धी प्रचलित नियमावली लागू नहुने** : ऐनको दफा ९७ बमोजिम यस नियमावली अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी नियमावली लागू हुनेछैन ।

३२. **प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने** : यस नियमावलीमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

३३. **ऋण लगानी सम्बन्धी व्यवस्था** : संस्थाले आफ्ना सदस्यहरुको बचत अनुपातमा र जेथा जमानतको सुरक्षणमा ऋण नीति बमोजिम मात्र कर्जा प्रदान गर्न सक्नेछ । एकै व्यक्तिलाई संस्थाको तत्काल कायम रहेको कुल पुँजीकोषको पन्ध्र प्रतिशत भन्दा बढी नहुने गरी प्रदान गर्नु पर्नेछ ।

३४. **सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा** :

(१) कुनै सहकारी संस्थाले आफ्ना सदस्यलाई सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी

संञ्चालन गर्न दर्ता गर्ने अधिकारीबाट अनुमति लिनु पर्नेछ ।

**(२)** उप नियम (१) बमोजिम अनुमति लिँदा देहाय बमोजिम प्रक्रिया पूरा गर्नुपर्नेछ :

(क) साधारण सभाबाट स्थान सहित स्पष्ट निर्णय भएको हुनुपर्ने,

(ख) संस्थाको कुल सदस्य संख्याको पहिलो पाँच सय पछिको प्रत्येक पाँच सयमा एक वटाका दरले सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्न सकिनेछ ।

(ग) संस्थाको शेयर पुँजी कम्तिमा पचास लाख भएको हुनु पर्नेछ ।

(घ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा संस्था नाफामा देखिएको हुनुपर्नेछ।

(ङ) साधारण सभा सञ्चालक र लेखा समितिको निर्वाचन नियमित भएको हुनुपर्नेछ ।

**(३)**उपनियम (२) बमोजिम प्रक्रिया पूरा गरी उपनियम (१) बमोजिमको अनुमति लिन देहाय बमोजिम कागजातहरु पेश गर्नुपर्दछ ।

क. अनुमति माग गरिएको संस्थाको पत्र ।

ख. साधारण सभाको प्रमाणित निर्णयको प्रतिलिपि ।

ग. संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

घ. विनियमको प्रतिलिपि ।

ङ. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

च. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

छ. सञ्चालक समितिकापदाधिकारीको नाम ठेगाना र सम्पर्क नम्बर खुलेको विवरण ।

ज. सेवा केन्द्र रहने स्थानको नक्साङ्कन ।

झ. सञ्चालनहुने सेवा केन्द्र वा सम्पर्क कार्यालयबाट सेवा प्राप्त गर्ने सदस्यको माग निवेदन र निजहरुको शेयर प्रमाणपत्र र नागरिकताको प्रतिलिपी ।

ञ. सम्बन्धित वडा कार्यालयको सहमति पत्र ।

ट. कर्मचारीको विवरण ।

## ३५. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने :

(१) यो नियमावली अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको दर्ता, संञ्चालन, निरिक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न र शंसोधन समेत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारका सहकारी हेर्ने मन्त्रालयहरु,नेपाल राष्ट्र बैङ्क र सम्बन्धित अन्य निकायको समेत परामर्श लिन सकिनेछ ।

अनुसूची-१

(नियम ४ को उपनियम १को खण्ड 'क सँग सम्बन्धित)

## भावी योजना र कार्यक्रम

संस्थाको नाम :

ठेगाना :

क) भावी योजना :

१.

२.

३.

ख) भावी कार्यक्रम :

१.

२.

३.

ग) सञ्चालक समितिको जिम्मेवारी :

१.

२.

३.

घ) लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी :

१.

२.

३.

ङ) व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी :

१.

२.

३.

च) प्रत्येक सदस्यको जिम्मेवारी :

१.

२.

३

## अनुसूची-२

**(नियम ४ को उपनियम १को खण्ड खसँग सम्बन्धित)**

## शेयर संख्या र शेयर रकमको विवरण फारमको ढाँचा

| सि.नं. | वाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | आवेदकको नाम | उमेर | ठेगाना | पेशा | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | जम्मा | सम्पर्क नं. | औठाछाप | फाटो र फोटोमा पर्ने गरि सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |

**अनुसूची-३**

**(नियम ४ को उपनियम १को खण्ड ङ सँग सम्बन्धित)**

## तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारमको ढाँचा

| सि. नं. | वाजे को नाम | बाबुको नाम | पति वा पत्नी को नाम | सञ्चालकको नाम | पद | ठेगाना | पेशा | निर्वाचित मिमित | बहाल रहने अवधि | फाटो र फोटोमा पर्ने गरि सहीछाप | औठा छाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | |

**अनुसूची-४**
**(नियम ४ को उपनियम १खण्ड च सँग सम्बन्धित)**
## स्व-घोषणपत्रको ढाँचा

प्रस्तावित श्री ..................................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिलका बमोजिमका आवेदकहरुले प्रचलित कानूनसम्मत सहकारी स्थापना गरी आफ्नो आर्थिक सामाजिक उत्थान गर्ने कार्य कारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं ।
हामी आवेदकहरु कोही पनि

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
- बैक वित्तिय संस्था वा अन्य कुनै सहकारी संस्थाको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं,
- यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं ।
- सम्पत्ति शुद्धिकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं ।
- सहकारीको दर्शन, सिद्धान्त, मूल्य मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्ना बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठीक साँचो छ झुठा ठहरे ऐन, कानुन बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने :

| सि.नं. | आवेदकको नाम थर | नागरिकता प्र.प.नं., जारी जिल्लार मिति | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |

**अनुसूची-५**

**(नियम ४ को उपनियम १को खण्ड छ सँग सम्बन्धित)**

## अधिकार प्रत्यायोजन पत्रको ढाँचा

**मिति :२०  /  /**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालय,
जोरपाटी, काठमाडौं ।

विषय : अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ...................... सहकारी संस्था लि. को मिति २० / / मा बसेको प्रारम्भिक भेलाले गरेको निर्णय अनुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक कामकारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका .......श्री...........................
समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरु :

| सि.नं. | नाम थर | ठेगाना | पद | दस्तखत नमूना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**आवेदकहरुको :**

| सि.नं. | नाम थर | ठेगाना | पद | सहीछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**अनुसूची-६**
**(नियम ९ सँग सम्बन्धित)**

# विनियममा उल्लेख गर्नुपर्ने विषयहरु

१. संक्षिप्त नाम र प्रारम्भ :
२. संस्थाको नाम र ठेगाना :
३. परिभाषा :
४. उद्देश्य :
५. कार्य :
६. कार्यक्षेत्र :
७. संस्थाको सदस्य :
८. सदस्यताको योग्यता :
९. सदस्यताका लागि निवेदन :
१०. सदस्यताको अन्त्य :
११. सदस्यको निष्काशन :
१२. सदस्यबाट राजिनामा :
१३. पुनः सदस्यता :
१४. सदस्यको काम कर्तव्य र अधिकार :
१५. सदस्यता खुला रहने :
१६. सदस्यता प्राप्ति पुनः प्राप्ति र राजिनामा स्वैच्छिक हुनुपर्ने :
१७. शेयर पूँजी :
१८. सदस्यबन्न कम्तिमा एक शेयर खरिद गर्नुपर्ने :
१९. थप शेयर खरिद गर्न सक्ने :
२०. शेयर फिर्ता वा हस्तान्तरण :
२१. प्रवेश शुल्क :
२२. कृत्रिम छेकवार नलगाईने :
२३. शेयर प्रमाण-पत्र :
२४. सदस्यको दायित्व सिमित हुने :
२५. प्रारम्भिक साधारण सभा :
२६. वार्षिक साधारण सभा :
२७. विशेष साधारण सभा :
२८. साधारण सभाको वैठक :
२९. साधारण सभाको काम कर्तव्य र अधिकार :

३०. साधारण सभाको निर्णय :
३१. सञ्चालक समिति :
३२. समितिको काम कर्तव्य र अधिकार :
३३. समितिको बैठक :
३४. लेखा सुपरिवेक्षण समिति :
३५. उत्तरदायित्व श्रृंखला :
३६. अध्यक्षको काम कर्तव्य र अधिकार :
३७. व्यवस्थापकको नियुक्ति :
३८. व्यवस्थापकको काम कर्तव्य र अधिकार :
३९. विशेष जिम्मेवारी :
४०. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त :
४१. संस्थाको कोष :
४२. कोषको सुरक्षा :
४३. कोषको उपयोग :
४४. जगेडा कोष :
४५. संरक्षित पूँजी फिर्ता :
४६. लाभांस वितरण :
४७. जगेडा कोषमा रकम :
४८. बचत संङ्कलन :
४९. बचत संङ्कलन सीमा :
५०. ऋृण दिन सक्ने :
५१. ऋृण प्रवाहमा सीमा :
५२. बार्षिक हिसाव जाँच :
५३. निर्वाचन :
५४. शपथ ग्रहण :
५५. एकीकरण :
५६. विनियम संशोधन :
५७. साधारण सभाले कार्यविधि बनाउन सक्ने :
५८. ऐन नियमावलीसँग बाझिएकोमा अमान्य हुने :

अनुसूची-७
(नियम १७ को उपनियम १ को खण्ड क सँगसम्बन्**धित**)

**सदस्य दर्ता किताव**

| सि.नं. | वावु/ससुराको नाम | पति वा पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरिद शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |

# अनुसूची-८
## (नियम २१ को उपनियम २ को खण्ड क सँगसम्बन्धित)
## एकीकरण शर्त तथा कार्यविधि ढाँचा फारम

सहकारी ऐन नियम मापदण्ड तथा संस्थाको विनियममा भएको व्यवस्था अनुसार ..................................... सहकारी संस्था लि. र .............................. सहकारी संस्था लि. को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रक्रियालाई अघि बढाउनु पर्ने भएकाले निम्न लिखित शर्त र र्काविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कायान्वयनका लागि गोकर्णेश्वर नगरपालिका कार्यालयमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र. सं. | नाम | एकीकरण | एकीकरणको कार्यविधी | कैफियत |
|---|---|---|---|---|
| १. | नाम | १......................... सहकारी संस्था लि. २. .......................सहकारी संस्था लि. दुवै संस्थालाई एकीकृत गरी ............... सहकारी संस्था लि. कायम गर्ने । | दुबै संस्थाको साधारण सभाबाट पारित गराई गोकर्णेश्वर नगरपालिका कार्यालयवाट एकीकरणको स्वीकृति लिई संस्था ......... को नामबाट संञ्चालन गर्ने । | |
| २. | कार्यालय | दुई वटै संस्थाको कार्यालय एउटै बनाउने | ................. सहकारी संस्था लि. को कार्यालय भवनबाट कार्यसेवा | |

| | | | | |
|---|---|---|---|---|
| | | | संञ्चालन गर्ने | |
| ३. | कार्यक्षेत्र | दुई वटै संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने | एकीकृत हुने संस्थाको कार्यक्षेत्र ………… रहनेछ । | |
| ४. | विनियम | एउटा मात्र संस्थाको विनियम स्वीकृति गरिने | सहकारी संस्थाको विनियम स्वीकार गरी कार्य सञ्चालन गरिने | |
| ५. | शेयर रकम | दुईवटै संस्थाको शेयर रकम एकीकृत गर्ने | लेखापरीक्षण अनुसारको शेयर रकम जम्मा गरी एउटा संस्थामा समावेश गर्ने । | |
| ६. | संस्थाक ा कोषहरु | दुई वटै संस्थाको कोषको रकम एकीकृत गरी समावेश गर्ने | वितरण गर्न मिल्ने कोषहरु सम्बन्धित संस्थाका सदस्यहरुलाई वितरण गर्ने र वितरण गर्न नमिल्ने कोषहरु एकीकृत गरी नियमानुसार उपयोग गर्ने<br><br>वितरण गर्न नमिल्ने कोष :<br><br>१. शेयर लाभांस | |

| | | | | |
|---|---|---|---|---|
| | | | कोष<br><br>२. सुरक्षण पूँजि कोष<br><br>३. कर्मचारी बोनस<br><br><br>एकीकृत गरी कोषमा राख्ने कोषहरु<br><br>१. जगेडा कोष<br><br>२. सहकारी शिक्षा कोष<br><br>३. घाटा पुर्ति<br><br>४. डुवन्त ऋण कोष<br><br>५. सहकारी विकास कोष<br><br>६. संरक्षित कोष<br><br>७. समितिले तोकेको अन्य कोष | |
| ७. | दायित्व | दुई वटै संस्थाको चुक्ता गर्नुपर्ने दायित्व एकीकरण पश्चात के कसरी चुक्ता गरिने | ....... सहकारी संस्था लि. को दायित्व आफै तिर्ने<br><br>........ सहकारी संस्था लि. को | |

| | | | | |
|---|---|---|---|---|
| | | | दायित्व आफै तिर्ने एकीकृत गरी ...................... संस्थाबाट दायित्व फर्छ्यौट गर्ने । | |
| ८. | लगानी हिसाब | दुई वटै संस्थाको छाता संघहरुमा रहेको लगानी एकीकृत गरी कायम गर्ने वा फिर्ता लिई आम्दानी बाढ्ने । | दुई वटै संस्थाको छाता संघहरुमा रहेको लगानी एकीकृत गरी ............... सहकारी संस्थाको नाममा कायम गर्ने वा फिर्ता मिल्ने रकम फिर्ता लिई आम्दानी बाढने । सो कार्यको लागि छाता संघहरुमा पत्राचार गर्ने । | |
| ९. | ऋण लगानी | दुई वटै संस्थाका आफ्ना सदस्यलाई लगानी गरेको ऋण रकम एकीकृत गरी सहकारी संस्था लि. मा समावेश गर्ने । | ........... सहकारी संस्था लि. र ............. सहकारी संस्था लि. बिच एकीकृत भएपछि ऋणी सदस्यहरुले एकीकृत ........... सहकारी संस्था लि. को नाममा उक्त ऋण सार्ने | |

| | | | | |
|---|---|---|---|---|
| १०. | बचत हिसाब | .............. सहकारी संस्था लि. र<br><br>................ सहकारी संस्था लि. समेतका सबैखालका बचतहरु एकीकृत रुपमा समावेश गर्ने । | .......... सहकारी संस्था लि. र ......... सहकारी संस्था लि. द्वारा सञ्चालित बचत कार्यक्रमहरु एकीकृत .................. सहकारी संस्था लि. को शेयर सदस्यहरुको नाम समावेश गर्ने । | |
| ११. | सदस्यता | दुईवटै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने | ........... सहकारी संस्था लि. र ............ सहकारी संस्था लि. को शेयर सदस्यता एकीकृत .......... सहकारी संस्था लि. मा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |
| १२. | बैक खाता र नगद जिम्मेवारी | विभिन्न बैकको कारोवारलाई एकीकृत गर्ने र नगद पनि दुईवटै संस्थाको एकीकृत गर्ने | विभिन्न बैंकहरुमा रहेको मौज्दात र नगद एकीकृत रुपमा राखी उपयोग गर्ने । | |
| १३. | संस्था | दुईवटै संस्थाका | दुईवटै संस्थाका | |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालन प्रकृया | बर्तमान संचालक, लेखा समिति, सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधिसम्मका लागि कायम गर्ने । | संचालकहरबाट संचालक समिति, लेखा समिति, सल्लाहकार समिति एवं उपसमितिहरु गठन गरी कार्य गर्ने । | |
| १४. | लिनु दिनु पर्ने बाँकी ऋृण र सम्पत्ति | दुईवटै संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने । | दूईवटै संस्थाले बुझाउनु पर्ने बाँकी ऋृण संयुक्त रुपमा सहकारी संस्था लि. को नाममा स्थानान्तरण गरी बुझाउँने र लिनु पर्ने भएपनि यही कार्यविधि अपनाई असुल उपर गर्ने । | |
| १५. | केन्द्रिय/प्रदेश/जिल्लार विषयगत संघको प्रतिनिधि | संस्थावाट प्रतिनिधित्व गर्ने केन्द्रिय/प्रदेश/जिल्ला/विषयगत संघको प्रतिनिधि एकीकृत संघको तर्फबाट पनि निरन्तरता दिने । | संस्थावाट प्रतिनिधित्व गर्ने केन्द्रिय/प्रदेश/जिल्ला/विषयगत संघको प्रतिनिधि एकीकृत संघको तर्फबाट पनि निरन्तरता दिने वा प्रतिनिधि फेरवदल गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १६. | कर्मचारी | दुईवटै संस्थाका कर्मचारीहरुलाई यथावत रुपमा कामकाजमा लगाउने | दुईवटै संस्थाका कर्मचारीहरुलाई नियुक्तिको आधारमा एकीकृतरुपमा ........ सहकारी संस्था लि. मा नै यथावत रुपमा कामकाजमा लगाउने । | |
| १७. | दर्ता नं. र पान नं. | कुन संस्थाको दर्ता नं. र पान नं. स्वीकार गर्ने र रद्द गर्ने त्यसका लागि सम्बन्धित निकायमा जानकारी गराउने | ................ सहकारी संस्था लि.का. दर्ता नं. र पान नं. प्रयोग गर्ने । | |
| १८. | नगदी ढुकुटीको बिमा गर्ने | एकीकृत सहकारी संस्था लि. को नगदी र ढुकुटीको बिमा गराई संचालन गर्ने । | उपयुक्त बिमा कम्पनीसंग आवश्यक सम्झौता गरी नगदी ढुकुटीको बिमा गर्ने व्यवस्था मिलाउने । | |
| १९. | विनियममा संशोधन र परिमार्जन गर्ने समिति | एकीकृत सहकारी संस्था लि. को विनियममा केही थपघट परिमार्जन गरि समयानुकुल वनाउनु पर्ने भएकाले तीन सदस्यीय समितिलाई जिम्मा दिने | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरि जिम्मा दिने :<br>१. संयोजक :<br>२. सदस्य : | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. सदस्य : | |
| २० | परिमार्जित छाप | | एकीकरण पश्चात संस्थाको देहाय अनुसारको छाप रहनेछ । | |

दस्तखत : ..........

............. सहकारी संस्था लि.
संस्थाको छाप

दस्तखत : .................

.............. सहकारी संस्था लि.
संस्थाको छाप

**अनुसूची-९**
**(नियम २१ को उपनियम ४ को खण्ड क संग सम्बन्धित)**

## संयुक्त निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
गोकर्णेश्वर नगरपालिकाको कार्यालय

**विषय :** एकीकरण गर्न स्वीकृति पाउँ

महोदय,

गोकर्णेश्वर नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम संचालन भई आएका तपसिल बमोजिमका संस्था एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पुरा भएकोले एकीकरणको लागि तोकिएको आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । अतः उपरोक्त संस्थाहरु एकीकरण गरी पाउँ भनि निवेदन गर्दछौं ।

| ..... संस्था लि. को तर्फबाट | .... संस्था लि. को तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| संस्थाको नाम : | संस्थाको नाम : |
| संस्थाको ठेगाना : | संस्थाको ठेगाना : |
| टेलिफोन नं. : | टेलिफोन नं. : |
| मिति : | मिति : |
| संस्थाको छाप : | संस्थाको छाप : |

नगर सभा बाट पारित मितिः २०७७।०७।१

प्रमाणीकरण मिति २०७७/०७/२ गते बिहीबार

प्रकाशित मिति : २०७७।०७।०७

आज्ञाले,
राम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत